**प्राज्ञिक विमर्श**, **वर्ष ६, अङ्क**, १२, २०८१ **असोज**, ISSN 2676–1297

# शैक्षणिक योजनाको कार्यान्वयन

**❋रिता दाहाल**
dahalrita609@gmail.com

*अध्ययनसार*

*प्रस्तुत अध्ययन शिक्षण सिकाइ कार्यकलापलाई व्यवस्थित बनाउन प्रयोगमा ल्याइने शैक्षणिक योजनासँग सम्बन्धित रहेको छ। सामुदायिक विद्यालयमा शैक्षिक प्रशासन र कक्षाकोठाको पठनपाठनलाई प्रभावकारी बनाउँन प्रचलनमा रहेका शैक्षणिक योजनाको कार्यान्वियनको अवस्थाका बारेमा अनुसन्धान गर्नु यस कार्यको उदेश्य रहेको छ। प्रस्तुत शोधकार्य गुणात्मक अनुसन्धान अन्तर्गत फेनोमेनोलोजी विधिका माध्यमबाट अगाडि बढाइएको छ। यस अध्ययनमा प्राथमिक स्रोतका सामग्रीबाट तथ्य सङ्कलन गरिएको छ। शोधकर्ता स्वयम्को स्थलगत उपस्थितिमा तथ्य सङ्कलन गर्नका लागि असंरचित प्रश्नावली निर्माण गरी अनौपचारिक अन्तर्वार्ता लिइएको छ। प्राप्त तथ्यलाई लिप्यान्तरण गरी कोडिङ, क्याटागोराइज गरेर थिम निर्माण गरी उक्त थिमको प्रशासक नेपाली कक्षा शिक्षक र सहभागी प्रतिनिधि विद्यार्थीबाट प्राप्त अनुभवका आधारमा विश्लेषण गर्नुका साथै स्किनरको स्थापित सिद्वान्तले थप स्पष्ट पारिएको छ। यस अनुसन्धानका लागि छनोट गरिएको नमुना विद्यालयमा शैक्षणिक योजनाको कार्यान्वियनको अवस्था कस्तो रहेको छ भनि अध्ययन गर्न मन्थली न.पा.१ मा अवस्थित नागकन्या माध्यमिक विद्यालयलाई लिएर शैक्षणिक योजनाको प्रयोग व्यवहारलाई हेरिएको छ। यस अनुसन्धानबाट उक्त विद्यालयमा प्रधानाध्यापकद्वारा वार्षिक कार्यतालिका बनाएको, एकाइ योजना प्रयोगमा नरहेको र निर्धारित ढाँचामा नै पाठयोजना नबनाएपनि टिपोटपत्र बनाएर कक्षा शिक्षण गर्ने गरेको प्राप्त तथ्यको आधारमा निष्कर्ष निकालिएको छ। योजना बनाएर शैक्षिक गतिविधिहरू संचालन गर्दा पाठनपाठन सुचारु गर्न सहज भएको र कक्षाकोठाको शिक्षणसिकाइमा पनि के पढाउने भन्ने द्विविधा नहुने र विद्यार्थीसँग सम्बन्धित सम्पूर्ण कार्यकलापहरू सञ्चालन गर्न सहज भएको कुरा यस अध्ययनबाट प्राप्त भएको छ।*

**मुख्य शब्दावली** : कार्यतालिका, कार्यान्विन, शैक्षणिक योजना, शिक्षा, शिक्षण सिकाइ कार्यकलाप।

## विषयआरम्भ

शिक्षा भनेको ज्ञान आर्जन गरी मानिसको व्यवहार परिवर्तन गर्नै माध्यम हो। पहिलो पाठशाला घर हो भने त्यसपछिको ज्ञान आर्जन गर्ने स्थान भनेको विद्यालय हो। विद्यालयलाई पहिले प्राथमिक निम्नमाध्यमिक र माध्यमिक तह भनिन्थ्यो। नया शैक्षिक संरचनाअनुसार आधारभूत तह १-८ र माध्यमिक तह ९-१२ बनाइएको छ। प्रत्येक व्यक्तिको आन्तरिक प्रतिभा प्रस्फुटन गर्न आचरण व्यवहार सुधार गर्न राष्ट्रिय र अन्तर्राष्ट्रिय ख्यातिप्राप्त व्यक्ति निर्माणमा पनि शिक्षाको आवश्यकता पर्दछ। हरेक आर्थिक वर्षमा देशले बजेट निर्माण गर्दा शिक्षा क्षेत्रको लागिपनि रकम छुट्टयाएको हुन्छ। नेपाल सरकार शिक्षा मन्त्रालय अर्न्तगतका कार्यक्रमहरू पाठयक्रम विकास केन्द्रका कार्यक्रमबाट आधारभूत तह र माध्यमिक तहलाई विशेष ध्यान दिइएको हुन्छ, तर चाहेजति उपलब्धि हासिल हुन नसक्नुमा प्राथमिक शिक्षाको ठूलो हात छ। नेपालमा राष्ट्रिय शिक्षालाई व्यवस्थित बनाउने गरी बनेका योजनामध्ये नेपाल शिक्षा योजना आयोगको प्रतिवदन २०११ आयोग गठन गरिएको थियो। यस आयोगमा विभिन्न जाति सम्प्रदायका जनताको पनि प्रतिनिधित्व थियो। शिक्षा निशुल्क हुने शिक्षाले मानिसको आदर गर्नेछ। प्राथमिक स्कुलले जनसमूहलाई सर्वसाधारण न्यूनतम शिक्षा दिनेछ। माध्यमिक स्कुल रोजगारी नेतृत्वको शिक्षाबाट उठाउन सक्ने बढ्दै जाने ठूलो जमातलाई साधारण तथा रोजगारी शिक्षा दिने बहुउद्देश्यको हुनेछ। (रा.शि.आ.प्र.२०११)। शिक्षाले लिएको लक्ष्य पुरा गर्नको लागि शैक्षिक योजना वैज्ञानिक ढङ्गले पूरा गर्ने खालको हुनुपर्छ। कुनैपनि व्यक्ति समाज राष्ट्रको विकासको आधार भनेको नै शिक्षा हो। सिकाइ क्रियाकलापको लागि योजना बनाउँदा शिक्षालाई प्रविधिमैत्री सिपयुक्त जनशक्ति उत्पादन बजारको

**❋ लेखक शहीद स्मृति क्याम्पस मन्थली, रामेछापमा कार्यरत हुनुहुन्छ।**

मागलाई पूरा गर्नसक्ने रचनात्मक हुनु आजको आवश्यकता भएको छ । शिक्षाको प्राथमिक आधारशिला प्राथमिक तह भएको तथ्यलाई ध्यानमा राखी विशेष जोड दिँदै सम्पूर्ण देशमा प्राथमिक शिक्षा निःशुल्क एवम् अनिवार्य गराउनुपर्ने सिफारिस गरिएको थियो, (सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८) । त्यसैगरी शिक्षाका कार्यक्रमहरूको योजना र मूल्याङ्कन गर्ने कार्य केन्द्रीय स्तरबाट शिक्षा मन्त्रालयले गर्ने र कार्यान्वयन जिल्लास्तरबाट गर्ने व्यवस्था रहेको थियो (रा.शि.प.यो.२०२८) । यसले पनि शिक्षाक्षेत्रलाई व्यवस्थित बनाउन केहि मार्ग प्रशस्त गरेको छ । नेपालमा योजनाबद्ध विकासको सुरूवात वि.सं.२०१३ देखि भएको र यस योजनाले देशभर एकै किसिमको शिक्षाको प्रचार गरिनेछ भनेर शिक्षालाई राष्ट्रिय योजनाभित्र समावेश गरिएको देखिन्छ ।

शिक्षण कार्यलाई लक्ष्य उन्मुख, पथप्रदर्शक, कार्यसम्पादनमा आधारित, बालकेन्द्रित र पाठयक्रम सम्बद्ध बनाउँन गरिने पूर्वतयारीलाई नै शैक्षणिक योजना भनिन्छ । शिक्षण सिकाइका लागि प्राप्त समय, उपयुक्त वातावरण, शिक्षार्थीको मानसिक बौद्धिक स्तर पाठयक्रमका निर्देशन एवम् विविध शैक्षिक र भौतिक वातावरणका आधारमा तयार पारिने योजनाको समष्टि कार्यसम्पादनको व्यवस्थित आधार शैक्षणिक आधार हो । यस्ता योजना विद्यार्थीको क्षमता र आबश्यकतामा आधारित हुन्छ । यस्ता योजनाहरू शिक्षण सिकाइ क्रियाकलापको उद्देश्य पूरा गर्न पठनीय विषयवस्तुको बारेमा छलफल गरी पूर्व तयारी गर्न र शिक्षकलाई पढाउन र विद्यार्थीलाई बुझ्न सजिलो बनाउँछ । शिक्षणमा रहेका अन्योलतालाई हटाउँछ । कक्षामा गरिने परीक्षाहरूलाई विश्वसनीयता र व्यवहारिकता बनाउँन सहज हुन्छ । विद्यालयमा अपनाईने शैक्षणिक प्रक्रियाहरूलाई व्यवस्थित सबल र सक्षम बनाउँन मद्धत गर्छ । विद्यालयमा बनाईने यस्ता योजनाहरू सम्पूर्ण शैक्षिक कार्यक्रमलाई नै सफल र प्रभावकारी बनाउँछ, (चैतन्य, भानु २०२२ अप्रिल २१) ।

विद्यालयको शैक्षणिक र प्रशासनिक कार्य सञ्चालनका लागि योजनाको आवश्यकता पर्दछ । शिक्षण सिकाइ सुव्यवस्थित ढंगले सञ्चालन गर्न गराउँन सन्दर्भमा बनाइने योजना शैक्षिक योजना हो । शैक्षिक योजनाभित्र विविध योजनाहरूमध्ये विद्यालयलाई सञ्चालन गर्ने शैक्षिक क्रियाकलापसम्बन्धी योजनालाई शैक्षणिक योजना भनिन्छ । यो योजना प्रत्यक्ष्य रूपमा सिकाइ क्रियाकलापसँग सम्बन्धित रहन्छ । सिकाइ क्रियाकलाप के कसरी सुसञ्चालन गरी विद्यार्थीहरूमा आवश्यक ज्ञान सिप र क्षमता हासिल गराउँन सकिन्छ भनी योजनाबद्ध ढंङ्गले गरिने तयारी शैक्षणिक योजना हो । विद्यालयको मुख्यकाम बालबालिकालाई उपयुक्त शिक्षण सिकाइ वातावरण सिर्जना गरी शिक्षा प्रदान गर्नु हो । विद्यालयका प्रधानाध्यापक शिक्षकहरू अभिभावक तथा विद्यार्थीहरूद्वारा सञ्चालन गरिने शिक्षण सिकाइसम्बन्धि कार्यक्रमलाई यस अर्न्तगत समेटिएको हुन्छ । (शर्मा, २०७५, पृ.२४) । कुनैपनि कार्यलाई व्यवस्थित ढङ्गले अगाडि बढाउनको लागि योजना हुन जरूरी हुन्छ । **ब्लुम फिल्डका अनुसार**ः शैक्षणिक योजनाले केवल पाठयक्रम शिक्षणका उद्देश्यसँगमात्र सम्बद्ध नभई यसले साधन निर्माण र प्रयोग गर्नमा समेत सघाउ पुऱ्याउँछ (Art of teaching Mar,10,2022)। हरेक शिक्षकले आफ्नो शिक्षण कार्यलाई प्रभावकारी उद्देश्यमूलक र व्यवहारिक बनाउन शैक्षणिक योजना निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ । योजनाबद्ध ढंगले शिक्षण गरेमा मात्र पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्य प्राप्तिमा सहयोग पुग्दछ । यसले शिक्षकलाई के, किन, कसरी, शिक्षण गर्ने भन्ने सम्बन्धमा स्पष्ट बाटो देखाउँछ । यसले पूर्वतयारी गर्न पूर्ण रूपमा सघाउनुका साथै कक्षाकोठामा शिक्षण सिकाइ वातावरणको सृजना गरी शैक्षिक उदेश्य प्राप्तिमा सघाउँछ, (शिक्षण अभ्यास, २०२८) । शिक्षण विधि र शैक्षिक सामग्रीको छनौट र प्रयोगमा सहयोग पुग्छ । कक्षामा तोकिएको समय सीमाभित्र शिक्षण सिकाइ प्रक्रिया सम्पन्न गर्न र पाठयक्रमको उद्देश्य प्राप्तिका लागि आवश्यक साधन स्रोतको खोजी गर्न सहयोग पुग्छ । यसै कुरालाई मध्यनजर गर्दै यो अनुसन्धानमा १ वटा सामुदायिकमा संस्था सञ्चालन गर्न वार्षिक कार्य योजना वा तालिका बनाएको या नबनाएको र सोही विद्यालयको आधारभूत तहमा शैक्षणिक योजनाको निर्माण र कार्यान्वयन

अवस्था के कस्तो रहेको छ ? यस्ता योजनाहरू कक्षाकोठामा प्रयोगको बारेमा विद्यार्थीलाइ अवगत छ कि छैन् ? भनी खोज अनुसन्धान गर्नु यसकार्यको सीमा रहेको छ।

कुनैपनि कामलाई सुव्यवस्थित बनाउँन योजना बनाउनु महत्त्वपूर्ण मानिन्छ । पूर्व योजनासहितको काम उपलब्धीमूलक पनि रहन्छ। विद्यालयको प्रशासन सञ्चालनका लागि होस् या कक्षाकोठामा शिक्षण सिकाइकार्य सञ्चालनार्थ उद्देश्यपूर्ण विधिसम्वत् र समयसापेक्ष कार्यसम्पन्न गर्नहोस् योजनाको आवश्यक पर्छ। शैक्षणिक योजना बनाएर विद्यालयमा शिक्षण सिकाइ कार्य अगाडि बढाउनु राम्रो मानिन्छ। शैक्षणिक योजनाले संस्थागत कामलाई मार्गदर्शन गर्नुका साथै कक्षाकोठा भित्रको शिक्षण वातावरण उपयुक्त बनाउन मद्धत गर्छ (आचार्य, २०६९)। शैक्षिक योजना निर्माणमा समझदारी आवश्यकता र प्रक्रिया भन्ने आलेखमा निकालिएको निष्कर्ष अनुसार, विभिन्न समझदारीको विकास नै नगरी ल्याईने नीति तथा कार्यक्रममा कठिनाइ आउने र उक्त कामको प्रभावकारीता पनि न्युन हुने कुरा उल्लेख गरिएको छ (अधिकारी,२०२३),द्वारा प्रस्तुत, आषाढको पन्ध्र अभिव्यक्त ध्वनि सौन्दर्यको शैक्षणिक उपादेयता शीर्षकको अनुसन्धानमा, विवेच्य निबन्धलाई गद्य शिक्षणका स्थापित विधि अपनाएर शिक्षण गर्दा शिक्षार्थीहरूको बोध र अभिव्यक्ति क्षमता अभिवृद्धि हुने निष्कर्ष निकालिएको छ। यसैगरी (बस्नेत,२०२२) का अनुसारः आधारभूत विद्यालय तहमा शिक्षण सिकाइ अवस्था भन्ने शीर्षकमा गरिएको अनुसन्धानबाट आधारभूत तहको पाठ्यक्रममा विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि गर्नमा विद्यार्थी केन्द्रित विधिको प्रयोग गरेर शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नमा जोड दिएको भएपनि शिक्षकहरूले कक्षा शिक्षणमा शिक्षक केन्द्रित विधिमा नै शैक्षणिक प्रक्रिया सञ्चालन गर्ने गरेको पाइएको छ । पाठ्यक्रमभन्दा पाठ्यपुस्तक र शिक्षक निर्देशिकालाई शैक्षणिक प्रक्रियाका रूपमा लिएको र अतिरिक्त क्रियाकलापलाई शैक्षणिक प्रक्रियाको पुरकको रूपमा लिएर शिक्षण गर्ने गरिएको निष्कर्ष निकालिएको छ, (नेपाल,२०२३)को आर्टिकलः भाषा शिक्षणमा सूक्ष्म तथा सहपाठी शिक्षकको प्रयोगढाँचा स्वरूप र उपादेयता भन्ने शीर्षकमा गरिएको अनुसन्धानबाट भाषा शिक्षणको प्रकृति नै प्रयोगात्मक तरिकाको हुन्छ। यसमा शिक्षण अभ्यासहरू राखी थप पारदर्शी बनाउन खोजिएको छ। यो कार्यक्रम विद्यार्थीलाई अग्र एवम् पृष्ठपोषण सङ्कलन गर्ने कार्यक्रम हो । सानो वा ठूलोकक्षामा शिक्षणीय अभ्यासहरू कसरी गर्ने भनेर शिक्षकलाई शैक्षणिक सिप सिकाउछ भन्ने निष्कर्ष निकालिएको छ । माथि उल्लेखित विभिन्न शीर्षकका अनुसन्धानमूलक लेखहरू कक्षाकोठाको शिक्षणीय अभ्याससँग सम्बन्धित रहेर गरिएका छन् तर विद्यालयमा शैक्षणिक योजनाको कार्यान्वयन भन्ने शीर्षकमा अनुसन्धान नगरिएकोले प्रस्तुत सन्दर्भ अनुरूप यस अध्ययनमा मन्थली न.पा.१ मा रहेको सामुदायिक विद्यालय नागकन्या माध्यमिक विद्यालयमा शैक्षणिक योजना कार्यान्वयनको अवस्था के कस्तो रहेको छ भनी अध्ययन गरिएको छ।

शिक्षाका सम्पूर्ण कार्यक्रम सञ्चालन गर्ने योजनालाई शैक्षिक योजना भनिन्छ। शैक्षिक योजनाहरू खासगरी सम्पूर्णमा पहुँच पुर्याउन र शैक्षिक गुणस्तर अभिबृद्धि गर्न बनाइन्छ। शैक्षणिक योजना विद्यालयको दैनिक प्रशासन सुव्यवस्थित ढंगले सञ्चालन गर्न र कक्षाकोठाको शिक्षण सिकाइ गतिविधि लाई उदेश्यमूलक बनाउन यस्ता योजना बनाइन्छ । यसै सन्दर्भअनुसार प्रस्तुत कार्य अनुसन्धानमूलक कार्य भएकोले सामुदायिक विद्यालयमा शैक्षणिक योजनाको कार्यान्वयनको अवस्थालाई स्थलगत अध्ययन गरी प्राथमिक स्रोतको सामग्रीबाट तथ्य संकलन गरिएको छ। यो अनुसन्धानमा गुणात्मक अनुसन्धान अर्न्तगत फेनोमेनोलोजी विधिको प्रयोग गरिएको छ। सामुदायिक विद्यालयमा योजना निर्माण गरेका छन् या छैन् भनी मन्थली नगरपालिका वडा न. १ मा सञ्चालित नागकन्या माध्यमिक विद्यालयका प्रशासक १ जना र नमुना कक्षाका रूपमा आधारभूत तह कक्षा ८ को एकजना नेपाली शिक्षक र सोहिकक्षामा अध्ययनरत २ जना विद्यार्थीलाई सहभागी गराई आबश्यक तथ्य लिइएको छ। उक्त तथ्य सङ्कलन गर्न असंरचित प्रश्नावली निर्माण गरी अनौपचारिक अन्तर्वार्ताका माध्यमबाट गरिएको छ। सहभागीबाट प्राप्त तथ्यलाई लिप्यान्तरण गरी कोडिङ् क्याटागोराइज गरी थिम निर्माण गरेर प्राप्त तथ्यको आधारमा व्याख्या विश्लेषण गरिएको छ।

**व्याख्या विश्लेषण**

सामान्य अर्थमा कुनैपनि शिक्षण योजनाबद्ध रूपमा अगाडि बढाउनु योजनावद्ध शिक्षण भनिन्छ । योजनाबद्ध शिक्षणको अहिले निकै व्यापक र विस्तारित रूप आइसकेको छ । यो कार्यको सुरूवात ग्रिसेली दार्शनिक सोक्रेटसबाट भएको पाइन्छ। यसलाई विकसित रूप दिन १९ औं शताब्दीका मनोवैज्ञानिकहरू प्यालभ, थर्नडाइक, प्रेसी, म्यागर, क्राउडर, ग्याग्ने, ब्लुम आदि विद्वानूहरूको योगदान रहेको छ । डिसे र **क्रोफोर्डका अनुसार**ः विषयवस्तुलाई साना साना खण्डमा विभाजन गर्नु, सिकारूले भनेको कुरा ठिक बेठिकका आधारमा तुरुन्त ज्ञान प्राप्त गर्नु, विद्यार्थी क्रियाकलाप र विद्यार्थी शिक्षण गतिका आधारमा शिक्षण गरिनु योजनाबद्ध सिकाइअन्तर्गत पर्दछन् भनेका छन् । **मनोवैज्ञानिक हिलगार्डका अनुसार**ः योजनाबद्ध शिक्षणमा विद्यार्थीहरूको व्यक्तिगत विभिन्नतामा ध्यान दिइने हुँनाले व्यक्तिगत क्षमताअनुसार प्रगति गर्नु, विद्यार्थी सक्रिय हुनुपर्दछ, यस्तो सिकाइमा तुरुन्त गरेर सिक्ने परिपाटी हुने हुँदा विद्यार्थी सिकाइमा उत्प्रेरित र प्रोत्साहित हुन्छन् । योजनाबद्ध सिकाइमा आवश्यक मूल्याङ्कनको व्यवस्था हुने हुनाले यो शिक्षण सफल र प्रभावकारी मानिन्छ् । योजनाबद्व सिकाइले विद्यार्थीको चिन्ता हटाउँछ, विद्यार्थीहरू काम गर्नबाट विचलित हुँदैनन् र सिकाइमा पनि सन्तुष्टि प्राप्त गर्छन् भन्ने भनाई रहेको छ (शर्मा एण्ड शर्मा, २०७३, पृ.१३३) ।

योजना भनेको कुनैपनि कार्य सम्पादन गर्ने पूर्व तयारी हो । जुनसुकै काममा पनि योजनाबद्ध ढङ्गले अगाडि बढेमा त्यसमा सुनिश्चत गोरेटो समातेर निर्धारित उद्देश्य प्राप्तिमा केन्द्रित रहन्छ । सबै योजनाहरू लिखितमात्र हुन्छन् भन्ने हुँदैन् । कतिपय योजनाहरू मानसिक रूपमा नै पनि तय गरेर निधारित कार्यहरू सम्पन्न गर्न सकिन्छ । त्यस्ता कार्यहरू दैनिक जनजीवनमा आधारित आवश्यकताका योजनाहरू हुन्छन् । जस्तैः किनमेल योजना, भेटघाट योजना, पेसागत योजना, भ्रमण योजना, अवलोकन वा पर्यवेक्षण योजना, मनोरञ्जन आदि । धेरैजसो औपचारिक कार्यसम्पादन गर्न लिखित योजनाको आवश्यकता पर्छ । जस्तैः प्रशासनिक योजना, निर्माण योजना, मर्मत सम्भार योजना, कार्यशाला योजना, आर्थिक विकास योजना, रोग निवारण योजना, जलस्रोत, यातायात, सञ्चार, पर्यटन, पर्यावरण नियन्त्रण, शिक्षा विकास, रोजगार प्रवर्धन, व्यवसाय प्रवर्धन आदि विविध योजना लिखितअन्तर्गत रहेका हुन्छन् । जसमा लागत, समय, सम्पन्न गर्नुपर्ने काम तोकिएको हुन्छ ।

कुनैपनि योजना निर्माण गर्दा लक्ष्य वा उदेश्य, लक्ष्यित विषयवस्तु, कार्यसम्पादन गर्न चाहिने स्रोत,साधन र समय, कार्य सम्पादन विधि  र कार्यक्रमको प्रभावकारिताको मूल्याङ्कन अनुगमन प्रक्रिया आदिको क्रमबद्ध प्रस्तुति र स्पष्टताको आवश्यकता पर्छ । योजनाविहिन ढङ्गमा गरिएको कामले निश्चित उपलब्धि हासिल गर्न सक्दैन् । काम कार्यान्वयनका समयमा विभिन्न किसिमका अप्रत्याशित समस्याहरू सिर्जना भई तोकिएको समयमा नै गर्नुपर्ने कार्य सम्पन्न नभई उपलब्धिविहिन गन्तव्यमा पुगेर बीचैमा हराउन पनि सक्छ । त्यसैले कुनै संघ सस्था सञ्चालनमा होस् या व्यक्तिको व्यक्तिगत जीवन सञ्चालन गर्नको लागि या पेसागत कार्य अगाडि बढाउनुहोस्  योजना बनाएर अगाडि बढ्न उचित हुन्छ । उद्देश्यमूलक ढङ्गले प्रभावकारी योजना बनाएर कार्यान्वयनका क्रममा आउन सक्ने समस्याको विश्लेषण गरी व्यवस्थित तरिकाले अनुगमन मूल्याङ्कनको पनि समुचित प्रबन्ध गरेर गर्न लागिएको कार्य अगाडि बढाउँदा निकै फाईदा हुन्छ । सकारात्मक उपलब्धि पनि हासिल गर्न सहज हुन्छ । यसै सन्दर्भमा औपचारिक शिक्षण सिकाइ कार्यक्रम गर्नुपर्ने भएकोले अपेक्षित उपलब्धि हासिल र तोकिएका उद्देश्य पूरा गर्न निर्धारित शैक्षणिक कार्यकलापमा ढालेर व्यवस्थित र वैज्ञानिक तरिकाले सुसम्पन्न गर्नका लागि विद्यालयले दैनिक प्रशासन सञ्चालन गर्न, शिक्षणीय गतिविधि चलाउन वार्षिक कार्यतालिका बनाउनु र शिक्षकले कक्षा शिक्षणलाई लाभकारी बनाई विद्यार्थीको ज्ञान अभिवृद्धि गर्नको लागि र शिक्षण सिकाइ क्रियाकलाप प्रभावकारी ढंगमा सम्पन्न गर्न विभिन्न अध्यापन योजनाको तयारी गर्नु आवश्यक मानिन्छ ।

कुनैपनि शिक्षकले अध्यापन योजनानिर्माण विना नै सिधै कक्षामा गएर शिक्षण गर्न खोजे भने उनीहरूलाई यो पाठ किन शिक्षण गर्ने, शैक्षिक सामग्रीको प्रयोग गर्ने कि नगर्ने, कति समय शिक्षण गर्ने, कसरी शिक्षण गर्ने, विद्यार्थी

मूल्याङ्कन कसरी गर्ने, गृहकार्य कसरी र कति दिने, बहुजातिभाषिक विद्यार्थी छन् भने उनीहरूलाई पाठ बुझाउन सकिएको छ या छैन् सोको पनि ख्याल गर्नुपर्ने हुन्छ। योजनाविहिन शिक्षण नियन्त्रित किसिमको नहुने हुनाले चाहिँदा कुरामा वा सिकाउन खोजेको कुरा एउटा हुने र अनावश्यक वा नचाहिँदा कुरामा बहकिने स्थिति पैदा हुनसक्छ। यसबाट शिक्षण असङ्गठित किसिमको भई अनावश्यक रूपमा समयको बर्बाद हुने र शिक्षकले गरेको शैक्षणिक गतिविधि परिणाममुखी बन्न सक्दैन्। सम्बन्धित कक्षा र तहमा तोकिएका शैक्षिक अपेक्षा, विषयवस्तुको महत्त्व अनुरूपको शिक्षण गतिविधि, विद्यार्थीको क्षमता र रुचि, आवश्यक स्रोतसाधन, विद्यार्थी मूल्याङ्कनका युक्तिहरू हुन्। यी सबै शैक्षणिक योजना प्रभावकारी बनाउने महत्त्वपूर्ण पक्षहरू हुन् त्यसैले यी कुरा हरेक शिक्षण पेसामा आबद्ध व्यक्तिले ख्याल गर्नुपर्ने हुन्छ (पौडेल,२०७६ पृ.१७६-१७७)।

माथि प्रस्तुत सन्दर्भलाई उल्लेख गर्दै यस अध्ययनमा ४ जनालाई सहभागी गराईएको छ। यस अनुसन्धानमूलक कार्य सम्पन्न गराउन आफ्नो शैक्षिक र प्रशासनिक अनुभव भएका नागकन्या मा.वि.का प्रशासक, शिक्षक र विद्यार्थीबाट प्राप्त तथ्यगत अनुभवलाई लिप्यान्तरण गरी कोडिङ् र क्याटागोराइज गरी बनाईएको २ वटा थिमका आधारमा प्रस्तुत अनुसन्धानमा क्रमशः विश्लेषण गरिएको छ :

**विद्यालयको शैक्षणिक प्रशासन सञ्चालनार्थ,**

**कार्यतालिकाको प्रयोग**

शैक्षिक संस्थामा एक शैक्षिक सत्रमा गरिने वा हुने कार्यहरूको सूचीलाई वार्षिक कार्यतालिका भनिन्छ। शैक्षिक सत्र सुरु हुनु अगावै प्रधानाध्यापकद्वारा शिक्षक, विद्यार्थी, अभिभावक, व्यवस्थापक समिति समेतको राय सल्लाह र सहयोगमा तयार गरिने सरल प्रकृतिको कार्ययोजनालाई वार्षिक कार्ययोजना भनिन्छ। यसमा शैक्षिक सत्रमा पर्ने बिदाहरू, स्थानीय विदा, कार्य सञ्चालन दिन, परीक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन, विभिन्न चाडपर्व, शैक्षिक भ्रमण, विद्यालयका उत्सवहरू स्टाफ बैठक, भर्ना अभियान र नतिजा प्रकाशन आदिबारे उल्लेख गरिन्छ। त्यस्तो योजना भित्तेपात्रोको मदतले तयार गरिने भएकाले यसलाई कार्यपात्रो वा सर्वोपरी योजनापनि भनिन्छ। यसै योजनाका आधारमा विद्यालयका अन्य योजनाहरू बनाइन्छ। नागकन्या माध्यमिक विद्यालयमा पनि नगरपालिकाबाट निकालिएको शैक्षिक क्यालेण्डरलाई आधार मानेर कार्यतालिका बनाउने गरेको पाइएको छ। कार्ययोजना बनाएर कार्ययोजना बनाउँदा विद्यालयका कामहरूको पूर्वतयारी गर्न सहज भएको छ। कुन कुन महिनामा कति पढाउने, विद्यालयसँग सम्बन्धित अन्यकार्यहरू कहिले कहिले गर्ने, भन्ने पूर्व तयारी गर्न सहज भएको तथ्य प्राप्त भएको छ। कार्यगत अन्योलतापनि कम भएको अनुभव यस माध्यमिक विद्यालयका प्रशासकको रहेको छ। (*विद्यालयमा कार्यतालिकाको प्रयोग गर्ने गरेको*) पठनपाठन कार्यतालिकाअनुसार नै गर्ने १९२ नै गर्ने गरेका छौ। कार्यतालिका बनाउँदा अन्य गुणस्तरीय शिक्षा दिईरहेका विद्यालयका नमुना अभ्यासहरूलाई आधार मानेर बनाउने गरेका छौ। यस विद्यालयको अवलोकन र सम्बन्धित विषय शिक्षकले बताएअनुसार एकाइ योजना बनाउने गरेको पाइएन्। समग्रमाः विद्यालयमा सञ्चालन गरिने शैक्षिक गतिविधिलाई व्यवस्थित ढङ्गबाट अगाडि बढाउनका लागि प्रशासक र विषयशिक्षकको पूर्वतयारी वा मार्गनिर्देशको रूपमा रहेको कार्यतालिका बनाएर सिकाइ गतिविधि सञ्चालन गरेकोले उक्त विद्यालयमा कार्यरत शिक्षकहरूको कार्यगत अन्योलता कम भएको र गुणस्तरीय शिक्षा दिन सफल भएको यस तथ्याङ्कबाट प्राप्त भएको छ।

**कक्षाकोठामा,**

**टिपोटपत्रको प्रयोग**

मानिसका हरेक क्रियाकलापमा योजनाको आबश्यकता पर्ने हुन्छ। विद्यालयको शैक्षिक क्षेत्रको पठनपाठन कार्य अझ बढी कार्ययोजनाहरू बनाउनुपर्ने हुन्छ। योजनाबिना शैक्षिक समस्याहरू समाधान हुन सक्दैन्। त्यसैले एक शिक्षकले बनाउनुपर्ने विभिन्न योजनामध्ये पाठयोजनापनि हो। पाठयोजनाको अवधारणा गेस्टाल्ट मनोविज्ञानबाट आएको देखिन्छ। गेस्टाल्ट मनोविज्ञानमा पूर्ण अवलोकनको आवश्यकता पर्छ। सिकाइलाई एक अंशका रूपमा हेरिन्छ। सिकाइ पूर्णताको लागि अंश अंशको सहयोग पनि चाहिन्छ। यसरी अंश अंश प्राप्तिको लागि योजनाको आवश्यकता पर्छ। दैनिक पाठयोजना एक शिक्षकको लागि किन, के, कसरी, कसलाई, कति, कहिले र कहाँ

पढाउनु भनेर बनाइएको पूर्वयोजना हो । कक्षाकोठामा शिक्षकले सिकाइ अनुभवलाई निश्चित रणनीतिको प्रयोग गरी विद्यार्थीमा व्यवहारिक परिवर्तन ल्याउने प्रयास गरिरहेको हुन्छ । यस्तो योजना कक्षाकोठामा जानुपूर्व पाठअनुसार कस्ता विधिप्रयोग गर्ने के कस्ता शैक्षिक सामग्रीको प्रयोग गरी विषयवस्तुलाई विद्यार्थीसमक्ष पुऱ्याउने
भनि मार्गनिर्देशको लागि तयार पारिएको योजना हो । यस्ताप्रकारका शिक्षणीय योजनाले क्रियाकलाप के गर्ने ? भाषिक सिप विकास गराउने तरिकाहरू के के हुनसक्छन् ? कति समयमा शैक्षिक उपलब्धि प्राप्त गर्ने ? कक्षाकोठामा कस्ता अभ्यासहरू गराउने ? मूल्याङ्कन पद्धति कुन अपनाउने भन्ने एक प्रकारको मानसिकता तयार पार्न सजिलो हुन्छ । कक्षाकोठामा विषयवस्तुको ज्ञानदिनुमात्र शिक्षकको काम हो भनेर साँच्ने साँघुरो सोचाइ हुनसक्छ । किनकी शिक्षण गर्ने काम जटिल कार्य हो । एक शिक्षकले के पढाउने मात्र नभनी राष्ट्रिय उद्देश्य र लक्ष्य प्राप्त गर्नुको साथै पाठ्यक्रम कार्यान्वयनको अंशपनि विद्यालय हो (शिक्षण अभ्यास, २०२८) पाठयोजनाले शिक्षकको आत्मविश्वास बढाउँछ ।

यसै सन्दर्भअनुसार नागकन्या माध्यमिक विद्यालयको कक्षा ८ मा पढाउने नेपाली शिक्षकको शिक्षणीय कार्य अनुभवबाट प्राप्त तथ्याङ्कअनुसार पाठयोजना भनेर बनाउने भन्दापनि आज मैले पढाउने विषय के हो भनेर निर्क्याल गर्छु अनि त्यस्ता पाठको उद्देश्य पूरा गर्ने हेतुले टिपोटपत्र बनाउने गरेको छु, ( *टिपोटपत्र बनाउनु*) । सोहि टिपोटपत्रलाई आधारमान्दै पठनीय उद्देश्य, शैक्षिक क्रियाकलाप, मूल्याङ्कन र गृहकार्य दिने गरेको छु । मेरो कक्षा बहुभाषिक कक्षा भएकोले कक्षाकोठाभित्र तत्काल आइपरेका समस्या समाधान गर्नुपर्दा अगाडि नै बनाएको पाठयोजनामा समावेश गरिएका क्रियाकलापले सहयोग नपुग्ने हुनसक्छ त्यसैले टिपोटपत्रमात्र लिएर जाने गरेको हुँ । यो नहुँदा कक्षामा कसरी प्रस्तुत हुने भन्ने हुन्छ, ( *द्विविधा पैदा हुनु*) । त्यसैले योजनासहित जाँदा शिक्षण गर्न सहज हुन्छ । ( *पाठयोजनाले मार्गनिर्देश गर्नु*) । पाठगत टिपोपत्र बनाएर शिक्षण गर्दा कक्षागत कार्य ढिलो भएको महशुस हुन्छ, किनकी अहिलेका समसामयिक पाठयपुस्तकहरूमा प्रशस्त अभ्यास व्याकरणहरू राखिदिएको हुनाले समय अलि बढि नै चाहिने रहेछ । कक्षा ८ को नेपाली विषय अध्ययन गरिरहेका प्रतिनिधि २ **जना विद्यार्थीहरूका अनुसार**ः शिक्षकले पढाउँन आउँदा टिपोटपत्र लिएर आउने गरेको बनाएका छन् शिक्षकले योजनासहित कक्षामा पढाउँदा छलफल गरी सिकाउने र कहिलेकाहिँ शैक्षिक सामग्रीपनि लिएर आउँदा हामीलाई पाठ बुभ्न सहज हुने गरेको अनुभव प्राप्त भएको छ । समग्रमाः शिक्षक कक्षाकोठामा जानुपूर्व आफूले पढाउने पाठलाई कसरी सिकाउने विधिकस्तो प्रयोग गर्ने विद्यार्थी मूल्याङ्कन कसरी गर्ने र नेपाली विषय शिक्षणको सन्दर्भमा कसरी भाषिक सिपगत अभ्यासहरू गराउने जस्ता सम्पूर्ण कक्षागत क्रियाकलाप अगाडि बढाउन मार्गनिर्देश गर्ने पाठयोजना वा टिपोटपत्र बनाएर जाँदा सहभागी शिक्षकलाई विद्यार्थीलाइ पाठ्यवस्तु सिकाउन सहज हुने गरेको तथ्य प्राप्त भएको छ भने उनकै शिक्षणीय अनुभव र प्राप्त तथ्याङ्कका आधारमा भन्नुपर्दा, हालको नेपाली विषयमा अभ्यासात्मक र व्याकरणात्मक कार्यहरू समावेश गरेकाले विद्यार्थीलाई कक्षाकोठामा नै प्रशस्त कक्षाकार्यहरू गराउँदा पठनपाठन अभ्र प्रभावकारी भएको भनाइबाट पहिले र अहिलेको सिकाइमा सहजता भएको यस अध्ययनबाट प्रष्ट पार्न सकिन्छ । माथि उल्लेखित स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कलाई स्किनरको कार्यमूलक सिद्धान्तसँग जोडेर अभ्र स्पष्ट पार्न सकिन्छ ।

विद्यालयमा सञ्चालनार्थ शिक्षण सिकाइ क्रियाकलाप योजनाबद्ध सिकाइलाई सिद्धान्तसँग जाडेर हेर्दा, **प्रसिद्ध अमेरिकन मनोवैज्ञानिक वि. एफ.स्किनरको कार्यमूलक सिद्धान्तलाई** शिक्षा क्षेत्रमा प्रयोग ४ पक्षअर्न्तगत (व्यवहारिक उद्देश्य, योजनाबद्ध शिक्षण, सांयोगिक सम्झौता, व्यवहार परिवर्तन) रहेको योजनाबद्ध शिक्षणसँग प्राप्त तथ्याङ्कलाई जोडेर हेर्न सकिन्छ । विद्यालयमा सञ्चालन गरिने योजनाबद्ध शिक्षणलाई सिकाइको राम्रो र प्रभावकारी सिद्धान्तको रूपमा मानेको पाइन्छ । योजनाबद्ध शिक्षणमा विषयवस्तुलाई साना साना क्रमबद्ध चरणमा विभाजित गरिन्छ । एउटा सामान्यभन्दा सामान्य शिक्षकलाई समेत सहयोग पुग्नेगरी विषयवस्तुको क्रमबद्धता र विभाजनलाई होसियारीपूर्वक सिपमूलक रूपमा विशिष्टताका आधारमा निश्चित गरिएको हुन्छ । सिकारुले कम भन्दा कम गल्ती गर्ने गरी ज्यादै सजिलोसँग सिकाइको एक चरणबाट अर्कोचरणमा थाहा नै नपाउने गरी प्रवेश गर्नसक्ने आधारमा विषयवस्तुलाई ज्यादै साना साना रूपमा विभाजन गरिएको हुन्छ । सिकारुको निश्चित

सफलतामा पुनर्बल प्रयोग गरिन्छ । यसले अगाडिको सिकाइमा सहयोग पुऱ्याउँछ । योजनाबद्ध सिकाइका विभिन्न रूपहरू हुन्छन्, हरेक रूपहरू चाहेका उद्देश्यप्रति आधारित हुन्छन् । यस्ता प्रत्येक रूपहरूमा अलग-अलग प्रतिक्रियाहरू हुन्छन् र यी प्रतिक्रियाहरू खाली ठाँउका रूपमा वा विकल्पका रूपमा हुन्छन् । त्यसैले योजनाबद्ध सिकाइको आधारभूत पक्ष भनेको ज्यादै प्रभावकारी, आनन्ददायी, सरल र स्थायी सिकाइ हुने प्रकृतिका हुन्छन् । कक्षाकोठामा गरिने सम्पूर्ण क्रियाकलापका लागि यो योजनाबद्ध सिकाइ अति नै आबश्यक र लोकप्रिय विधि बन्न पुगेको छ (शर्मा एण्ड शर्मा, पृ.३३३) ।

**निष्कर्ष**

भविष्यमा गरिने कार्यलाई अगाडि नै निर्धारण गर्ने वा रूपरेखा तयार पार्ने कार्यलाई योजना भनिन्छ । योजना विद्यालयमा सञ्चालन गर्ने शैक्षिक व्यवस्थापनको अत्यन्त उपयोगी कार्य हो । कुनैपनि संघसस्थाहरू विनायोजना अगाडि बढाउनु कठिन हुन्छ । शैक्षिक योजनाले भविष्यमा पठनपाठनजन्य क्रियाकलापको उद्देश्य प्राप्तिको लागि दिशाबोध गराउने तरिका हो । योजना बनाउनको लागि योग्य र दक्ष बौद्धिक क्षमता भएको व्यक्ति हुनुपर्छ । कुनैपनि व्यक्ति, राष्ट्रको समृद्धि र विकासको आधार भनेको शिक्षा हो । शिक्षा विद्यालयबाट प्राप्त गरिने भएकोले शिक्षण सिकाइ कार्यलाई लक्ष्य उन्मुख, पथप्रदर्शक कार्यसम्पादनमा आधारित बालकेन्द्रित र पाठयक्रम सम्बद्ध बनाउँन गरिने पूर्वतयारीलाई नै शैक्षणिक योजना भनिन्छ । शैक्षणिक योजनाअन्तर्गत वार्षिक काययोजना, बार्षिक कार्यतालिका, एकाइ योजना र  पाठयोजना पर्दछन् । यी उल्लेखित योजनाको माध्यमबाट विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई उपलब्धिमूलक बनाउनु र विद्यार्थीको व्यवहारमा परिवर्तन ल्याउनुका साथै पाठ्यक्रम कार्यान्वयनमा पनि मद्धत गर्दछ । प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धानमूलक भएकोले शिक्षणीय योजना कार्यान्वयनको अवस्था हेर्नको लागि मन्थली न. पा. १ मा अवस्थित नागकन्या माध्यमिक विद्यालयमा शैक्षणिक योजनाको प्रयोगको बारेमा अनुसन्धान गरिएको छ। उत्त विद्यालयमा प्रधानाध्यापकले वार्षिक कार्यतालिका निर्माण गरी शैक्षिक गतिविधि व्यवस्थित रूपले सञ्चालन गरेको पाइएको छ । कार्यतालिका बनाएर काम गर्दा दैनिक हुने प्रशासनिक र शैक्षिक गतिविधिहरू सञ्चालन गर्न सहज भएको तथ्य प्राप्त भएको छ। एकाइ योजना भने नबनाएको पाइएको छ। यसको खासै प्रयोग नहुने भएकोले नबनाएको भन्ने तथ्य प्राप्त भएको छ।  कक्षाकोठामा पाठयोजनाको प्रयोग अवस्था हेर्नेको लागि आधारभूत तह कक्षा ८ लाई नमूनाका रूपमा लिइएको छ। यसकक्षामा नेपाली विषयको पठनपाठन गर्दा पाठयोजनाको ढाँचामा नबनाई, टिपोटपत्रको प्रयोग गरेर सिकाइ क्रियाकलाप गर्ने गरेको पाइएको छ । उक्त विद्यालयमा कार्यरत शिक्षकको अनुभवका आधारमा, टिपोटपत्रसहित शिक्षण गर्दा बहुभाषिक विद्यार्थीलाईपनि सिकाउन सहज भएको र कक्षा गएर के पढाउने, भन्ने अन्योलता नहुने हुँदा योजनासहित शिक्षण गर्दा प्रभावकारी र उपलब्धिमूलक भएको भन्ने तथ्याङ्क प्राप्त भएको निष्कर्ष निकालिएको छ । यसरी विद्यालय तहमा शैक्षणिक योजनाको कार्यान्वयनको अवस्थाको स्थलगत अध्ययनबाट प्राप्त तथ्याङ्कका आधारमा वार्षिक कार्यतालिकाको प्रयोग रहेको र पाठयोजना नै नभएपनि टिपोटपत्रको प्रयोग भएको पाइयो भने प्रशासनले बार्षिक कार्ययोजना र एकाइयोजनाको प्रयोग व्यवहार नरहेको पाइएको छ।

**सन्दर्भग्रन्थसूची**

आचार्य, देवीराम, (२०६९), कर्मचारीको कलममा प्रकाशित आलेख ।

अधिकारी, विष्णुप्रसाद, (२०६८), *शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली ।*

अभ्यास शिक्षण, (२०२८), जुपिटर प्रकाशन ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६६), *शैक्षिक व्यवस्थापन संगठनात्मक व्यवहार,* विद्यार्थी पुस्तक भण्डार ।

शर्मा एण्ड शर्मा, (२०६८), *शिक्षा मनोविज्ञान,* एम के पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

शर्मा एण्ड शर्मा, (२०७३), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* एम के पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

आचार्य, देवीराम (२०६९), शैक्षिक योजना निर्माणमा समझदारी आवश्यकता र प्रक्रिया, अनुसन्धानमूलक लेख ।
अधिकारी, रविकिरण (२०२३), आषाढको पन्ध्र अभिव्यक्त ध्वनि सौन्दर्यको शैक्षणिक उपादेयता, अनुसन्धानमूलक लेख ।
बस्नेत, होम ब.(२०२२), आधारभूत विद्यालय तहमा शिक्षण सिकाइ अवस्था,अनुसन्धानमूलक लेख ।
नेपाल, शक्तिराज (२०२३), भाषा शिक्षणमा सूक्ष्म तथा सहपाठी शिक्षकको प्रयोगढाँचा स्वरूप र उपादेयता, अनुसन्धानमूलक लेख ।